annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ७२, पृष्ठ ८ | काठमाडौं, शनिबार २७ असार २०८३ | आषाढ कृष्णपक्ष एकादशी नेपाल संवत् ११४६ | SATURDAY, JULY 11, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


आवरण समाचार

# गणेशहरू कहिलेसम्म ‘आत्मदाह’ गरिरहन्छन् ?

मुगुका गणेश नेपालीको ‘आत्मदाह’ घटनाले आधुनिक र सभ्य समाजलाई गिज्याइरहेको छ। मोटरसाइकल राइडिङ गरेर श्रीमती, छोरी र आफ्नो पेट पालिरहेका गणेशलाई त्यही मोटरसाइकलको पेट्रोल शरीरमा छर्केर आखिर किन ‘आत्मदाह’ जस्तो अप्रिय निर्णय लिनुपर्‍यो ? राज्य गणेशहरूप्रति किन असंवेदनशील बनिरहेको छ ? के गणेशजस्ता गरिब, निमुखा र भुइँमान्छेका लागि राज्यविहीनताको अवस्था सिर्जना गर्न खोजिएको हो ? प्रश्न गम्भीर छ।

**अजवी पौड्याल/सागर घले/किरण अधिकारी** | *काठमाडौं*

विस्तृत पृष्ठ २



## घटनाक्रम

### २५ असार, २०८३ बिहीबार

**बिहान ६ बजे**
राइड सेयरिङका लागि बालाजुबाट मोटरसाइकलमा प्रस्थान ।

**बिहान ७ बजे**
बालाजुबाट यात्रु लिएर त्रिपुरेश्वरतर्फ ।

**बिहान ११ बजे**
त्रिपुरेश्वरमा नगर प्रहरीद्वारा मोटरसाइकलमा ‘ह्विल लक’ ।

**११:००-१:३० बजे**
जरिबाना तिर्न साथीहरूसँग फोनमा पैसा सापटीको माग ।

**दिउँसो १:४५ बजे**
राहदानी विभागको ३ नम्बर गेटअगाडि आत्मदाह प्रयास ।

**दिउँसो २ बजे**
उद्धार गरी वीर अस्पताल पुर्‍याइयो ।

### २६ असार, २०८३ शुक्रबार

**बिहान ११:१९ बजे**
उपचारका क्रममा वीर अस्पताल निधन ।

# गणेशको आत्मदाहले तात्यो संसद्

## गृहमन्त्री गुरुङले घटनालाई विषयान्तर गर्दै भने, ‘स्थानीय सरकार कसको छ ?’

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

काठमाडौंको त्रिपुरेश्वरमा गुडिरहेको मोटरसाइकलमा ह्विल लक लगाइएपछि आत्मदाह गरेका मुगुका २५ वर्षीय पठाओ चालक गणेश नेपालीको मृत्यु भएपछि संसद् तातेको छ। संसद्का दुवै सदनमा प्रतिपक्ष मात्र नभई सत्तारूढ दलका सांसदहरूले समेत सरकारको कडा आलोचना गरेका छन्। प्रतिपक्षका सांसदहरूले प्रधानमन्त्री वालेन्द्र शाहको राजीनामा माग गर्दै उनको कार्यशैली र मौनतामाथि गम्भीर प्रश्न उठाएका छन्।

मुगुका सांसद खड्गबहादुर शाहीले वीर अस्पतालमा गणेशको मृत्यु भइसकेपछि पनि सरकारले नाटक र स्टन्टबाजी गरेको आरोप लगाए। ‘सरकारले गणेशका प्रतिनाटक गर्‍यो। म त्यहाँ वीर अस्पताल गएको थिएँ। चिकित्सकले भनेअनुसार ९५ प्रतिशत बाँच्ने अवस्था छैन भन्नुभएको थियो,’ उनले भने, ‘रातभर गृहमन्त्रीलगायतले जुन स्टन्टबाजी गर्नुभएको छ– उहाँले गर्न खोज्नु भएको प्रयास होला ठीक। तर गणेश नेपाली राति नै बितिसकेका रहेछन्। बिहानसम्म घोषणा गरिएन। हामी भीष्मराज आङ्देम्बे र म गइसकेपछि शय्यामा राखिरहेको लासलाई हेरिसकेपछि स्वास्थ्यमन्त्री र चिकित्सकसँग बस्दा पनि उहाँहरूले किन घोषणा गर्नु भएन ? मान्छे बितिसकेको छ, पत्रकार सम्मेलन गरेर उपचार भइरहेको छ भन्नुहुन्छ। तपाईं केको पत्रकार सम्मेलन गर्दै हुनुहुन्छ भनेपछि मात्र अहिले मृत्यु घोषणा गरे।’





**प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सरकारको जवाफ माग्दै एमाले प्रमुख सचेतक ऐनबहादुर महर (बायाँ) र जवाफ दिँदै गृहमन्त्री सुधन गुरुङ।**

कांग्रेस सचेतक वासना थापाले प्रधानमन्त्री शाहलाई अब कालो चस्मा खोल्ने बेला आएको भन्दै आक्रोश पोखिन्। ‘राज्यको सफलतामाथि कठोर प्रश्न उठाउने तपाईं आज किन टाढा हुनुहुन्छ ?’ प्रधानमन्त्री शाहलाई प्रश्न गर्दै उनले भनिन्, ‘राज्य आतंकका कारण एक युवाले आगो सल्काउँदासमेत राज्य मूकदर्शक बन्यो। शरीर आगोमा दन्किरहँदा राज्यले एम्बुलेन्स पठाएन। बरु प्रहरी प्रशासन लगाएर अपराधीझैं घिसारेर लग्यो। यो उद्धार हो कि गिरफ्तारी हो सरकार ? के ऊ देशद्रोही हो ? उसले कसको विरुद्ध के अपराध गरेको थियो ? उसको गल्ती यही हो कि यो देशमा जन्मियो र यही देशमा केही गर्न खोज्यो।’ उनले थपिन्, ‘अरूले आफैंलाई जलाउने हिम्मत गर्न सकेका छैनन्, बहादुर युवाले विद्रोह गर्‍यो। सरकार जनताको ज्यान जोगाउनेभन्दा पनि मानवीय संवेदनशीलतालाई कुल्चिएर सञ्जालमा लाइक बढाउने ध्याउन्नमा छ। साझा यातायातको हरियो रङलाई पोतेर नागरिकको सुरक्षा महसुस गरिँदैन।’

एमालेका सांसद ऐनबहादुर महरले गणेशको शव ठूलो अपराध गरेर आएका व्यक्तिको जस्तै गरी प्रहरी पहरामा राखिएको भन्दै आपत्ति जनाए। ‘मानौं ठूलै अपराध गरेर आए जसरी शव राखिएको छ। यहाँ गृहमन्त्री जानुभयो, बस्नुभयो भनेर सुनाइयो। म एउटा कुरा के भन्न चाहन्छु भने स्टन्ट गर्ने बानी सरकारले छोड्नुपर्‍यो,’ उनले भने, ‘गणेश नेपालीको हत्याको जिम्मेवार वालेन्द्र सरकार हो। वालेन्द्र सरकार जनताका पक्षमा, जनतालाई मुक्ति दिने गरी होइन, जनतालाई मार्ने गरी, जनताको हत्या गर्ने गरी अगाडि बढिरहेको छ। म यो सरकार मुर्दावाद भन्न चाहन्छु। गणेश नेपालीहरूले गरेको आत्मदाहका कारण यो सरकारले ठूलो मूल्य चुकाउनुपर्छ।’

राप्रपा सांसद खुश्बु ओलीले विगतको स्मरण गराउँदै यो घटनालाई राज्यको असंवेदनशीलताको पराकाष्ठा भनिन्।

» बाँकी पृष्ठ ६

# सम्पत्ति छानबिन आयोग गठन र क्षेत्राधिकारमा सर्वोच्चको प्रश्न



**काठमाडौं** (अन्नपूर्ण) : सर्वोच्च अदालतले उच्चस्तरीय सम्पत्ति छानबिन आयोगलाई पूर्वन्यायाधीश र महाभियोगबाट मात्रै पदमुक्त हुने संवैधानिक पदाधिकारीहरूलाई सम्पत्ति विवरण बुझाउन बाध्य नपार्न अन्तरिम आदेश जारी गरेको छ।

अधिवक्ता डा. प्रेमराज सिलवाललगायतले आयोग गठनविरुद्ध दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीशहरू टेकप्रसाद ढुंगाना र श्रीकान्त पौडेलको इजलासले यो मुद्दालाई पूर्ण इजलासमा पठाउने निर्णयसमेत गरेको छ।

अदालतको आदेशमा भनिएको छ, ‘प्रस्तुत रिट निवेदनको पूर्ण इजलासबाट अन्तिम टुंगो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेस गर्न बाध्य नपार्नू, पेस हुन आएको सम्पत्ति विवरण उपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नू र कसै उपर पनि कुनै किसिमको कानुनी कारबाहीका लागि सिफारिस नगर्नू/नगराउनू भनी प्रत्यर्थी सम्पत्ति छानबिन आयोगको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिएको छ।’

» बाँकी पृष्ठ ६

